# अन्तर्राष्ट्रिय सूचना दिवस, २०२६ को शुभकामना सन्देश

संयुक्त राष्ट्रसंघको आव्हानमा प्रत्येक वर्ष **२८ सेप्टेम्बर** मा मनाउने गरेको **International Day for Universal Access to Information** यस वर्ष "Upholding Information Integrity in the Digital Age: The role of access to information in addressing information disorder" नाराका साथ विश्वभर मनाइदैछ । यस सन्दर्भमा, नेपालले पनि सूचनामा आम नागरिको पहुँचलाई सरल र सहज वनाउन तथा नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउन सूचनाको हकलाई मौलिक हकको रुपमा स्वीकार गर्नुको साथै सूचनाको हक सम्वन्धी ऐन तथा नियमावली कार्यान्वयनमा ल्याएको विषय विदितै छ ।

सूचना तथा सञ्चार प्रविधिको तीव्र विकाससँगै सूचना उत्पादन, सम्प्रेषण र उपभोगको दायरा व्यापक भएको वर्तमान युगमा सही, विश्वसनीय, प्रमाणमा आधारित र आधिकारिक सूचनाको महत्व अझ बढेको छ । एकातर्फ सूचनामा पहुँचलाई सहज र व्यापक बनाउनु आवश्यक छ भने अर्कोतर्फ भ्रामक, मिथ्या, अपूर्ण तथा सन्दर्भविहीन सूचनाको प्रवाहबाट सिर्जित सूचना अव्यवस्था (Information Disorder) लाई सही व्यवस्थापन तर्फ डोऱ्याउनु पनि उत्तिकै चुनौतीपूर्ण छ । यस्तो अवस्थामा सूचनाको अधिकारको प्रभावकारी कार्यान्वयन, सूचनाको गुणस्तर र विश्वसनीयताको प्रवर्द्धन तथा नागरिकमा सूचना साक्षरता अभिवृद्धि गर्नु आजको प्रमुख आवश्यकता हो ।

यस वर्षको **"Upholding Information Integrity in the Digital Age: The role of access to information in addressing information disorder"** भन्ने मूल नाराले डिजिटल युगमा सूचनाको अखण्डता कायम राख्न सूचनामा पहुँचको महत्वपूर्ण भूमिकालाई उजागर गरेको छ । यस सन्दर्भमा सार्वजनिक निकायबाट प्रवाह हुने सूचना तथ्यपरक, स्पष्ट, विश्वसनीय, अद्यावधिक, पहुँचयोग्य र समयसापेक्ष हुनुपर्ने आवश्यकतालाई राष्ट्रिय सूचना आयोगले विशेष महत्वका साथ लिएको छ ।

**अन्तर्राष्ट्रिय सूचना दिवस, २०२६** को अवसरमा पारदर्शी, जवाफदेही र सुशासनयुक्त शासन व्यवस्थाको निर्माणको लागि सूचनामा नागरिकको पहुँचलाई थप सुदृढ गर्दै सत्य, तथ्यपरक र विश्वसनीय सूचनाको प्रवर्द्धनमा योगदान गर्न हामी सवैलाई थप प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछौं ।

**राष्ट्रिय सूचना आयोग**
**त्रिपुरेश्वर, काठमाडौं**
**२८ सेप्टेम्बर २०२६**